# "खेल सामग्री वितरण कार्यविधि-२०८१"

लुम्बिनी प्रदेश सरकार

युवा तथा खेलकुद मन्त्रालय

## प्रदेश खेलकुद परिषद् लुम्बिनी

राप्ती उपत्यका (देउखुरी), नेपाल

सदस्य सचिव

नि: प्रदेश सचिव

गण्डकी प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
उपत्यका(देउखुरी), नेपाल

## खेल सामग्री वितरण कार्यविधि-२०८१

**प्रस्तावना:**

सकारात्मक सोच र अनुशासित नागरिक तयार गर्न खेलकुदको महत्वपूर्ण भूमिका रहेको हुन्छ। खेलकुदको विकास, प्रतिभा प्रष्फुटन र सकारात्मक नतिजा हासिल गर्न खेल सामग्रीको अग्रणी भूमिका रहन्छ। खेल सामग्री वितरण कार्यलाई पारदर्शी तथा व्यवस्थित बनाउन प्रदेश खेलकुद विकास नियमावली २०७८ को नियम (२५) ले दिएको अधिकार प्रयोग गरी परिषद्ले "खेल सामग्री वितरण कार्यविधि-२०८१" जारी गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम "खेल सामग्री वितरण कार्यविधि-२०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"खेल सामग्री"** भन्नाले खेलकुद सँग सम्बन्धित तालिम, प्रशिक्षण तथा प्रतियोगिता सञ्चालनका लागि आवश्यक सामग्रीलाई सम्झनु पर्छ।

(ख) **"खेलकुद गतिविधि"** भन्नाले अन्तराष्ट्रिय, राष्ट्रिय, प्रदेश, जिल्ला, स्थानीयस्तरीय खेलकुद प्रतियोगिता, गोष्ठी, सेमिनार, तालिम, प्रशिक्षण, राष्ट्रिय तथा अन्तराष्ट्रिय सहभागिता, प्रशिक्षक प्रशिक्षण, निर्णायक क्षमता अभिवृद्धि, खेल पत्रकार क्षमता अभिवृद्धि लगायत खेल सँग सम्बन्धित गतिविधिलाई सम्झनुपर्छ।

(ग) **"परिषद्"** भन्नाले प्रदेश खेलकुद परिषद् लुम्बिनीलाई सम्झनु पर्छ।

(घ) **"प्रतियोगिता"** भन्नाले प्रदेश खेलकुद विकास नियमावली, २०७८ को नियम (२३) अनुसार प्राथमिकतामा परेका र अन्य खेलका अन्तराष्ट्रिय, राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय स्तरका प्रतिस्पर्धा तथा सरकारी वा गैरसरकारी संघ संस्था, क्लव, विश्वविद्यालय, क्याम्पस, विद्यालय, लगायतको आयोजनामा सञ्चालन हुने सबै किसिमका खेलको प्रतिस्पर्धालाई सम्झनु पर्छ।

(ङ) **"प्रदेश"** भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ।

(च) **"प्रशिक्षण"** भन्नाले प्रतियोगिताको तयारी अगाडी वा अन्य समयमा खेलाडी, प्रशिक्षक, निर्णायकलाई दिईने तालिम कार्यलाई सम्झनु पर्छ।

(छ) **"मन्त्रालय"** भन्नाले लुम्बिनी प्रदेशको खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) **"संघ"** भन्नाले प्रचलित कानून बमोजिम स्थानीय, जिल्ला, प्रदेश, राष्ट्रियस्तरमा गठन भएका विभिन्न खेलका विधागत खेल संघ र महासंघ समेतलाई जनाउँछ।

(झ) **"संस्था"** भन्नाले खेलकुद गतिविधि गर्ने उद्देश्य साथ प्रचलित कानून बमोजिम दर्ता भइ खेलकुदको क्षेत्रमा क्रियाशिल रहेका संस्था र विश्वविद्यालय, क्याम्पस, विद्यालय जस्ता शैक्षिक संस्था समेतलाई जनाउँछ।

(ञ) **"समिति"** भन्नाले कार्यविधिको दफा (४) बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

२०८१।३।२४
सदस्य सचिव            नि. प्रदेश सचिव

## परिच्छेद-२
## उद्देश्य

३. **यो कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम हुनेछन्:**

(क) खेलकुद गतिविधि र विकासका लागि प्रदान गरिने खेल सामग्री वितरण कार्यलाई पारदर्शी, मितव्ययी तथा व्यवस्थित बनाउनु,

(ख) प्रदेश, जिल्ला तथा स्थानीय स्तरका प्रतियोगिता तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक खेल सामग्री उपलब्ध गराउनु,

(ग) स्थानीय तह, क्लव, संघ, संस्था, शैक्षिक संस्था (विश्वविद्यालय, क्याम्पस, विद्यालय) लाई खेल सामग्री वितरण गरी समुदाय स्तर बाट खेलाडी उत्पादन गर्नु,

(घ) खेल सामग्रीको अभावमा ओझेलमा परेका प्रतिभाहरुको क्षमता प्रष्फुटन गर्ने कार्यमा मद्दत गर्नु।

## परिच्छेद-३
## छनौट तथा सिफारिस समितिको गठन, काम, कर्तब्य र अधिकार

४. **छनौट तथा सिफारिस समितिको गठन :** (१) यस परिषदबाट प्रदान गरिने खेल सामग्री वितरणका लागि संघ, संस्था र खेलाडी, खेल अफिसियल छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ।

(क) सदस्य-सचिव, परिषद् - संयोजक

(ख) मन्त्रालय, खेलकुद महाशाखा प्रतिनिधि - सदस्य

(ग) आर्थिक प्रशासन प्रमुख, परिषद् - सदस्य

(२) छनौट तथा सिफारिस कार्यलाई सहजिकरण गर्न आवश्यकता अनुसार बढिमा ३ जना विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

५. **समितिको काम, कर्तब्य र अधिकार:** दफा (४) बमोजिम गठित समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) खेल सामग्री वितरण गर्नका लागि आवश्यक शर्त तथा मापडण्द तय गर्ने,

(ख) खेल सामग्री वितरणको लागि विभिन्न संघ, संस्था र खेलाडी, खेल अफिसियलहरुबाट अनुसूची-१ बमोजिम माग संकलन गर्न कम्तिमा ७ दिनको सूचना प्रकाशन गर्ने,

(ग) छनौट भएका संघ संस्थालाई खेल सामग्री वितरणका लागि सिफारिस गर्ने,

(घ) खेलकुदको विकासमा योगदान पुर्याउने संघ संस्थाहरुलाई जनस्तरमा खेल संस्कृतिको विकास र खेलाडी उत्पादन गर्न प्रोत्साहन गर्ने,

(ङ) खेल सामग्री वितरण सम्बन्धी प्रतिवेदन तयार गर्ने।

६. **समितिको बैठक:**

(१) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

सदस्य सचिव

नि·प्रदेश सचिव

परिच्छेद-४

खेल सामग्री वितरण सम्बन्धी ब्यवस्था

७. **खेल सामग्री वितरण सम्बन्धी ब्यवस्था :** दफा (४) बमोजिम छनौट तथा सिफारिस समितिको निर्णयको आधारमा परिषद्को कार्यालयले सार्वजनिक खरिद ऐन तथा नियमावलीका साथै प्रचलित कानुनको पालना गरी आवश्यकता तथा औचित्यताका आधारमा खरिद गरी खेल सामग्रीहरुको वितरण पारदर्शी, मितव्ययी तथा व्यवस्थित बनाउन देहाय बमोजिम गर्नु पर्नेछ।

(क) खरिद गरिएका खेल सामग्री अनिवार्य स्टोर दाखिला गर्नु पर्ने।

(ख) माग फाराम तथा हस्तान्तरण फाराम स्वीकृत गराएर मात्र खेल सामग्री वितरण गर्ने।

(ग) खेल सामग्री वितरण गर्दा प्राप्त गर्ने संघ सस्था, खेलाडी, खेल अफिसियलको स्पष्ट विवरण खुल्ने अभिलेख राख्ने।

(घ) खेल सामग्री दोहोरो नपर्ने गरी वितरण गरिने।

(ङ) प्राप्त सामग्रीको संरक्षण गर्ने कर्तब्य सम्बन्धित पक्षको हुनेछ।

(च) केही विशेष प्रकृतिका सामग्रीहरु परिषद् कार्यालयले प्रतियोगिता सञ्चालनका लागि फिर्ता गर्ने शर्तमा उपलब्ध गराउन सक्नेछ।

परिच्छेद-५

विविध

८. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेखित कुरा प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ।

९. **बाधा अड्काउ फुकाउ:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

सदस्य सचिव

२०८१।१।२४
नि. प्रदेश सचिव

अनुसूची-१

(दफा (५) सँग सम्बन्धित)

निवेदनको नमुना

मिति: ..........................................

श्रीमान् सदस्य सचिव ज्यू,
प्रदेश खेलकुद परिषद्, लुम्बिनी
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषय: खेल सामग्री माग सम्बन्धमा।

उपरोक्त सम्बन्धमा ..........................खेलकुद विकास/गतिविधि/सहभागिताका लागि खेल सामग्री आवश्यक परेकोले **"खेल सामग्री वितरण कार्यविधि-२०८१"** बमोजिम आवश्यक खेल सामग्री उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु।

तपसिल:

व्यक्ति वा संस्थाको पुरा नाम र ठेगाना:

लाभान्वित संख्या:

कार्यक्रम/गतिविधि/सहभागिताका को नाम:

माग पुष्टि हुने आधार तथा प्रमाण:

यस अघि परिषदबाट प्राप्त भएको खेल सामग्रीको विवरण:

आवश्यक खेल सामग्रीहरु:

| क्र.सं. | माग गरिएको खेल सामग्रीको विवरण | मौजुदा खेल सामग्री विवरण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

निवेदक

हस्ताक्षर:

नाम थर:

पद:

सम्बन्धित निकायको नाम:

छाप:

सदस्य सचिव

२०८१/५/२८

प्रदेश सचिव